# मिति २०७७।१०।२७ गतेको १०३ औ कार्यपालिका बैठकका निर्णयहरु

**निर्णय नं १ :** स्थानीय सेवा विधेयक २०७७ को दफावार बृहत छलफल भयो । सुझावमा उठेका विषयवस्तु समेटी विधेयक मस्यौदा स्वीकृत गरी नगर सभामा पेश गर्ने ।

**निर्णय नं २ :** वीरेन्द्रनगर नगरपालिका खरिद नियमावली आजको बैठकमा टेबुल गरियो ।

**निर्णय नं ३ :** मिति २०७७।१०।२८ गते देखी सुरु हुने आठौँ नगरसभाको लागि देहाय बमोजिमको कार्यसूची स्वीकृत गरियो ।

**देहाय**

**सभाको कार्यसूची**

**पहिलो बैठक २०७७।१०।२८ दिनको १ बजे (पहिलो सत्र)**

(क) बैठकको सुरुवात (राष्टिय गान शहिदको सम्झनामा मौन धारण)

(ख) बजेट योजना तथा कार्यक्रम संशोधन टेबुल गर्ने ।

(ग) देहायका विधेयकहरु टेबुल गर्ने

१ प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७४ को प्रथम संशोधन विधेयक २०७७

२ न्यायीक समिती कार्यविधि सम्बन्धी ऐन २०७४ को प्रथम संशोधन विधेयक २०७७

३ वातावरण संरक्षण तथा फोहरमैला व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७

४ स्थानीय सेवा विधेयक २०७७

(घ) लेखा समितिको प्रस्तुति

(ङ) पहिलो सत्रको अन्त्य

**(दोस्रो सत्र)**

(क) सार्वजनिक महत्वका विषयमा पूर्व नाम टिपाएका सदस्यहरुले विचार राख्ने ।

(ख) सभाध्यक्षले आफनो धारणा सहित सभा स्थगित गर्ने ।

७७।१०।२७

Scanned with CamScanner

**दोस्रो बैठक (पहिलो सत्र)**

(क) बैठकको सुरुवात (राष्ट्रिय गान)
(ख) अघिल्लो बैठकमा टेबुल भएका बजेट कार्यक्रम तथा विधेयकहरु माथी सदस्यहरुबाट दफाबार छलफल
(ग) पहिलो सत्रको अन्त्य

**(दोस्रो सत्र)**

(क) ५ वटा विषयगत समिति संयोजकहरुले जवाफ सहितको धारणा राख्ने ।

(ख) विधेयक संशोधन तर्जुमा बजेट योजना तथा कार्यक्रम संशोधन स्वीकृती लागि प्रस्तुती र स्वीकृति ।

(ग) सभाद्धारा केही सार्वजनिक महत्वका विषयमा निर्णय /अधिकार प्रत्यायोजन आदि ।

(घ) उपप्रमुखले धारणा राख्ने ।

(ङ) समग्र विषयमा प्रमुखले धारणा तथा जवाफ राखी सभाको अन्त्य गर्ने ।

वीरेन्द्रनगर कार्यपालिका
बैठक संख्या १०३ मिति..........
को निर्णय

Scanned with CamScanner